# धुलिखेल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक

### नगरपालिका क्षेत्र भित्र उत्सर्जन हुने फोहोर संकलन तथा व्यवस्थापन गर्ने कार्यका लागी *प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हानको सूचना*

प्रथम पटक सूचना प्रकाशन मिति : २०८०।०५।२४

यस नगरपालिका क्षेत्रको शहरी क्षेत्र भित्र उत्सर्जन हुने विभिन्न फोहोर मैलाहरु उत्पादन हुने स्थानमानै गई संकलन गर्ने तथा नगरपालिकाले तोकेको स्थानमा व्यवस्थापन सम्वन्धी कार्य गर्न सम्वन्धीत क्षेत्रमा कार्य गरि रहेका ईच्छुक फर्म वा कम्पनीले तपशिल वमोजीमका शर्तहरुको अधिनमा रहि ***प्राविधिक र आर्थिक प्रस्ताव*** (प्रत्येकको छुट्टा छुट्टै खाममा) यो सूचना प्रथम पटक प्रकाशित मितिले ३०(तिस) दिन भित्र पेश गर्नु हुन सम्वन्धीत सवैको जानकारी लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशील

१. फोहोर मैला व्यवस्थापन सम्वन्धी कार्य गर्न ईच्छुक फर्म वा कम्पनीले आफनो फर्म वा कम्पनी दर्ता तथा नविकरण ईजाजतको प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व. ०७८।०७९ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरि यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिन भित्र रु. ३,०००।०० नगदै तिरि आर्थिक प्रस्ताव फारम खरिद गर्नु पर्ने छ ।

२. खरिद गरिएको आर्थिक प्रस्ताव फारम र फर्म कम्पनीले आफनो तर्फवाट कम्तीमा देहायको विवरण खुल्ने गरि तयार गरिएको प्राविधिक प्रस्ताव छुट्टा छुट्टै खाममा शिलवन्दी गरि कार्यालयलाई खाम वाहीर सम्वोधन गरि आर्थिक र प्राविधिक प्रस्ताव भनी छुट्टा छुट्टै प्रस्ताव दाताको नाम ठेगाना उल्लेख गरि यो सूचना प्रकाशित मितिले ३१ औ दिनको १२.०० वजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ ।

**प्राविधिक प्रस्तावमा पेश गर्नु पर्ने न्यूनतम विवरण**

- फर्म वा कम्पनीको सम्वन्धीत कार्य क्षेत्र सम्वन्धी अनुभव कम्तीमा ५ वर्षको हुनु पर्ने छ ।
- हेभी सवारी चालक ३, वजार प्रतिनिधी ३, कुचीकार २०, सर सफाई व्यवस्थापक १ सहितको व्यवस्थापन टिम हुनु पर्ने छ र उक्त व्यवस्थापन टिमका कर्मचारीको नेपाल सरकारले संचालन गरेको सामाजीक सुरक्षा कोषमा सूचीकृत भएको विवरण समेत पेश गर्नु पर्नेछ ।
- जे.सी.भी. मेसिन – १, हेभी ट्रिपर – २, सानो ट्रिपर(२ टन) – ३, होपर ट्रिपर -१ समेतको मेसिन औजार फर्म/कम्पनीको आफनै नाममा दर्ता भएको प्रमाण संलग्न गर्नु पर्ने छ ।
- फर्म वा कम्पनीको चालु पूंजी कम्तीमा १ करोड भएको र शेयर रकम सम्वन्धी विवरण र सो लाई पुष्टयाई गर्ने विवण संलग्न गर्नु पर्ने छ ।

३. पेश भएको प्राविधिक र आर्थिक प्रस्ताव मध्ये प्राविधिक प्रस्ताव ३१.०० औ दिनको २.०० वजे यस कार्यालयमा प्रस्ताव दाता वा प्रतिनिधी र कार्यालयका प्रतिनिधीको रोहवरमा खोलिने छ । प्रस्ताव दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्राविधिक प्रस्ताव खोल्न वाधा पर्ने छैन ।

४. प्राविधिक प्रस्ताव कार्यालयले मुल्यांकन गरि उक्त मुल्यांकनमा उर्तिण प्रस्ताव दाताको मात्र आर्थिक प्रस्ताव, प्रस्ताव दाता वा निजको प्रतिनीधी र कार्यालयका प्रतिनिधीको रोहवरमा कार्यालयले तोकेको समयमा खोल्ने छ । प्राविधीक प्रस्तावमा उर्तिण नहुने प्रस्ताव दाताको आर्थिक प्रस्ताव नखोली सम्वन्धीत

CamScanner

लाई नै फिर्ता गरिने छ। प्राविधिक प्रस्तावमा उर्तिण प्रस्ताव दाताको आर्थिक प्रस्ताव खोल्न प्रस्ताव दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि कुनै वाधा पर्ने छैन ।

५. आर्थिक प्रस्ताव साथ प्रस्ताव दाताले धरौटी वापत रु. १,२५,०००।०० (एक लाख पच्चिस हजार) धरौटी रकम यस कार्यालयको रा.वा. वैंक धुलिखेल शाखामा रहेको धरौटी खाता नं १०४०१००३०३०००००२ मा नगदै जम्मा गरेको वैक भौचर वा प्रस्ताव दर्ता गर्ने अन्तिम मिति वाट कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको स्विकृत प्राप्त वाणिज्य वैंकको विड वण्ड सक्कलै प्रति पेश गर्नु पर्ने छ ।

६. पेश गरिने शिलवन्दी प्रस्ताव सम्वन्धी प्राविधिक र आर्थिक सवै प्रस्तावका प्रत्येक पानामा प्रस्ताव दाताले दस्तखत गरि छाप लगाएको हुनु पर्ने छ ।

७. प्रस्ताव खरिद गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट कार्यालय खुलेको दिनमा उक्त कार्यहरु गर्न सकिने छ ।

८. प्रस्ताव दाताले आर्थिक प्रस्ताव पेश गर्दा कार्यालयले उपलव्ध गराएको मुल्य अंकित परिमाण (BOQ) मा तोकिएको कार्य मासिक रुपमा के कति दर रेटमा गर्ने हो कार्यालयले तोकेको अधिकतम रकममा नवढने गरि प्रत्येक विषय क्षेत्रको छुट्टा छुट्टै अंक र अक्षरमा कवोल गरि जोड जम्मा गर्नु पर्ने छ। अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईने छ ।

९. आर्थिक प्रस्ताव पेश गर्दा मासिक रुपमा प्रस्तावकले सरसफाई कर्मचारी, व्यवस्थापक, सर सफाई सामाग्री, ईन्धन तथा गाडीको सामान्य मर्मत समेत (गाडी भाडा वाहेक) मासिक रुपमा रु ४,१२,६००।०० (चार लाख वार्ह हजार छ सय मात्र) मु.अ.कर वाहेक भन्दा वढी रकम कवोल गर्न पाईने छैन ।

१०. फोहोर मैला संकलन गर्दा कुहिने, नकुहिने प्लाष्टिक जन्य, शिसा तथा धातु जन्य फोहोर लाई श्रोतमानै वर्गिकरण गरि नगरपालिकाले तोकेको क्षेत्रमा संझौतामा उल्लेख भए वमोजीम व्यवस्थापन गर्नु पर्ने छ ।

११. फोहोर मैला संकलन गर्ने क्षेत्र, सडक वडार्ने (सफा गर्ने) क्षेत्र यस नगरपालिकाको शहरी वजार क्षेत्र हुने छ र सो क्षेत्र तथा कार्य तालिकाको विषयमा यस कार्यालयमा सम्पर्क राखी जानकारी लिन सकिने छ ।

१२. प्रस्ताव दाताले पेश गरेको आर्थिक प्रस्ताव कारण देखाई वा नदेखाई पूर्ण रुपमा स्विकृत गर्ने, आंशिक रुपमा स्विकृत गर्ने या स्विकृत नगर्ने सम्वन्धी सम्पुर्ण अधिकार धुलिखेल नगरपालिका कार्यालयमा रहने छ। यस्मा प्रस्तावकको कुनै उजुरी लाग्ने छैन ।

१३. प्रस्ताव दाताले पेश गरेको प्रस्ताव कार्यालयले स्विकृत गरि संझौता गरि सकेको अवस्थामा प्रस्ताव दाताको तर्फ वाट भई रहेको कार्य कार्यालय लाई उपयुक्त र सन्तोषजनक रहेको अवस्थामा संझौताको शर्तमा रहने गरि वढीमा वार्षिक कवोल अंकको ५%ले वृद्धि हुने गरि कार्यालयले अर्को ठेक्का व्यवस्थापन नगरे सम्म वा वढीमा ५ वर्ष सम्मको लागी ठेक्का संझौता नविकरण गरि कार्य गर्न सकिनेछ ।

१४. प्रस्ताव दाताले आर्थिक प्रस्तावको फारममा उल्लेखित सम्पूर्ण शर्तहरुको पूर्ण रुपले पालना गर्नु पर्ने छ। शर्त सहितको प्रस्ताव स्विकार गरिने छैन ।

१५.यसमा उल्लेख नभएको विषयमा प्रचलित खरिद ऐन, खरिद नियमावली तथा अन्य प्रचलित कानुन वमोजीम हुने छ ।

CamScanner